नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई

**Health Emergency and Disaster Management Unit (HEDMU)**

## स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र

**Health Emergency Operation Center (HEOC)**

फोन ०१-४२५०८४५
फ्याक्स ०१-४२५०८४२
रामशाहपथ ,काठमाडौं

पत्र संख्याः ०७७/७८

च.नं.

मिति : २०७७/०८/३०

**कोभिड १९ खोप सम्बन्धमा हालसम्म भएका क्रियाकलापहरुको बारेमा सर्वसाधारणका लागि जारी गरिएको विज्ञप्ती ।**

कोभिड १९ संक्रमण पहिचान भए पश्चात यसले विश्वव्यापी महामारीको रुप लिएर समाजका धेरै क्षेत्रहरु प्रभावित भएका छन् । यो स्वास्थ्य समस्या नयाँ भएका कारणले धेरै विपयहरु थाहा नहुनु, कुनै उपचार र खोप नहुनुले सवैलाई समस्या परेको अवस्थामा यस सम्वन्धी खोपको आविष्कारले निराशाको वादल विच आशाका किरणहरु झुल्कने अवस्था आएको छ । कोभिड १९ का खोपहरु विकासको क्रममा सफल हुँदै गए पछि विश्वव्यापि रुपमा विभिन्न देशहरुले खोप लगाउने सम्वन्धमा गरेका प्रयासहरु जस्तै नेपाल सरकारले पनि यस सम्वन्धमा केन्द्रित भई कामहरु गरिरहेको छ । यसै सम्वन्धमा, कोभिड १९ खोप सम्वन्धि प्राविधिक सुझाव दिन विज्ञ सल्लाहकार समिति गठन भई आवश्यक कामहरू भईरहेका छन् । नेपाल सरकारले हालको जनसंख्याको ७२ प्रतिशतलाई कोभिड १९ खोप लगाउने उद्देश्यका साथ कार्य गर्न भ्याक्सिनको द्रूत कार्ययोजना वनाई विभिन्न आठ कार्यक्षेत्रहरू (खोप सचिवालयको गठन, खोपको प्राविधिक कार्यपत्रलाई पूर्णता दिने, पूर्वाधार एसेसमेन्ट (उपकरण, भण्डारण र आपूर्ति), आवश्यकता आकलन (सार्वजनिक र नीजि), सेवाग्राहीको व्याख्या सहितको प्राथमिकिकरण (संस्थाको हकमा विद्युतिय प्रणालीवाट तथा अन्य व्यक्तिको हकमा स्थानिय तह मार्फत गर्ने), डिप्लोयमेन्ट प्लान (जनशक्ति, तालिम, निर्देशिका), खोप कोपको प्रस्ताव आव्हान, संचालन, सार्वजनिक सूचना प्रवाह निर्देशिका साझेदारहरूसँग संवाद, अनुगमन, नियमन, अनुसन्धान तथा क्लिनिकल व्यवस्थापन) पहिचान गरी कार्यदल वनाई कार्यहरु भईरहेको छ । कोभ्याक्स्को मार्गदर्शनमा आधारित भएर श्रोत परिचालन र लक्षित जनसंख्याको कार्ययोजना नेपाल सरकार (मन्त्रीपरिषद्) वाट स्वीकृत भइ कार्यहरु अगाडि वढेका छन् । आकस्मिक अवस्थामा औपधि तथा खोप दर्ता व्यवस्थाको लागी औपधि ऐन, २०३५ अध्यादेश मार्फत संशोधन गरिएको छ । त्यस्तै, कोभ्याक्स् सुविधामा खोप प्राप्तिका लागि खोप सम्बन्धि कार्य गर्ने अन्तर्राष्ट्रिय निकायहरुमा पत्राचार गरिसकिएको छ । ती निकायहरुलाई कोभिड १९ खोप प्राविधिक सहयोग र कोभ्याक्स् कोल्डचेन उपकरणका लागि पनि अनुरोध गरिएको छ । खोपको भण्डारण र सुरक्षाको लागि आवश्यक क्षमता मूल्यांकन लगायताका आवश्यक कार्यहरु सम्पन्न गरिएको छ । आवश्यक चिस्यान भण्डारण विस्तारका लागि प्रस्ताव तयार भईसकेको छ । कोभिड १९ खोप सम्वन्धि प्राविधिक कार्य–योजना तयार भई राष्ट्रिय खोप सल्लाहकार समितिमा छलफल भई आवश्यक कार्यहरु भइरहेका छन् । खोप खरिद गर्न आवश्यक पर्ने रकमको व्यवस्थापन गर्न अर्थ मन्त्रालयमा प्रस्ताव पठाई सकिएको छ । खोपको आवश्यक व्यवस्थापनका लागि सवै तहका जिम्मेवार निकायहरु तयारी अवस्थामा रहने व्यवस्था मिलाइएको छ । विश्व स्वास्थ्य संगठन, युनिसेफ र विश्व वैंकसँग कोभिड १९ खोप सम्बन्धमा समन्वयात्मक रुपमा कार्यहरु समेत भईरहेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

डा. जागेश्वर गौतम

प्रवक्ता